"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका

DHARAN SUB-METROPOLITAN CITY

# नगर कार्यपालिकाको कार्यालय

(राजश्व नीति तथा प्रशासन शाखा)

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

प.सं. :
च.नं. :

फोन : ०२५- ५२०४०७, ५२०६३६
एक्स्टेन्सन : २२३

## आन्तरिक आय सङ्कलन कार्य ठेक्कामा दिने सम्बन्धमा

**सिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०४/२९)

यस कार्यालयद्वारा आगामी आ.व. २०७७/०७८ को लागि तपसिलमा उल्लिखित कर तथा शुल्क सङ्कलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संघसंस्थाहरुले यस सम्बन्धमा विस्तृत रुपमा प्रकाशन गरिएको सूचनामा उल्लेखित नियम तथा शर्तको अधिनमा रही छुट्टाछुट्टै बोलपत्र यो सूचना प्रकाशित मितिले ठेक्का सम्बन्धी विवरणमा तोकिएको मिति भित्र खरिद गरी अलग-अलग सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको राजश्व नीति तथा प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

### शर्तहरु

१. यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका ठेक्काहरुको लागि छुट्टाछुट्टै तोकिए बमोजिमको बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई सूचना प्रकाशित मितिले ठेक्का सम्बन्धी विवरणमा तोकिएको मिति भित्र बोलपत्र खरिद गरी बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेभित्र अलग-अलग सिलबन्दी बोलपत्र कार्यालयमा पेश गरी सक्नुपर्नेछ।

२. बोलपत्रसाथ धरौटी वापत आफूले कबोल गरेको अंकको नेपाली नागरिक भए पाँच प्रतिशत र विदेशी नागरिक भए दश प्रतिशत यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक धरान शाखामा रहेको २१६००३०३००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचरसाथ गोप्य सिलबन्दी बोलपत्र दर्ता गर्नु पर्नेछ।

३. दर्ता भएका सिलबन्दी बोलपत्रहरु बोलपत्र खोल्ने दिनको दिउँसो २:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र खोल्दा ठेकेदार वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुनु पर्नेछ। ठेकेदार वा प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही क्रम र समयमा खरिद, दर्ता र खोल्ने कार्य हुनेछ।

५. बोलपत्र फाराम साथ स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ता भइसकेको नगरपालिकाको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

६. बोलपत्रमा ठेक्का कबोल गर्दा मूल्य अभिवृद्धि कर वाहेकको अंक कबोल गर्नु पर्नेछ। कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. बोलपत्र स्वीकृत भएपछि स्वीकृत रकम बराबरको रकम वा सोही बमोजिम हुने गरी चौध महिना अवधिको मान्यताप्राप्त बैंकबाट जारी गरिएको परफरमेन्स बोण्ड प्राप्त भएपछि ठेक्का पाउने सबै शर्तहरु खुलाई सम्बन्धित ठेकेदारसँग कबुलियत गराइने छ।

८. सम्झौता गर्दा अग्रिम एकमुष्ठ रकम दाखिला गरेमा स्वीकृत अंकको १०% छुट दिइनेछ।

९. परफरमेन्स बोण्ड वा धितो जमानी राखिएको हकमा नवौं महिनाभित्र बार्षिक रकम चुक्ता गरी सक्नु पर्नेछ। सम्झौता बमोजिम किस्ता रकम नबुझाएमा ठेकेदारले राखेको बैंक ग्यारेन्टीबाट किस्ता असुल उपर गर्ने वा ठेक्का बदर गर्न सक्नेछ। यस कुरालाई ठेकेदारले कुनै उजुरी आपत्ती गर्न पाउने छैन।

१०. ठेक्का सम्बन्धमा नेपाल सरकार, स्थानीय तह वा अन्य कुनै संघसंस्थालाई बुझाउनु पर्ने कर, दस्तुर ठेकेदार आफैंले बुझाउनु पर्नेछ।

११. ठेक्कामा लिई ठेकेदारले कुनै किसिमको कारण देखाई ठेक्का रकम मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाउने छैन। तर काबु बाहिरको परिस्थिति सृजना भई ठेक्का सञ्चालन हुन नसकेमा औचित्यको आधारमा स्थानीय राजश्व परामर्श समितिको सिफारिशको आधारमा रकम छुटको लागि कारवाही अगाडि बढाउन सकिनेछ। यसलाई अधिकारको रुपमा दाबी गर्न पाईने छैन।

१२. म्याद नाघी आएको, शर्त राखिएको वा रित नपुगेको बोलपत्रलाई मान्यता दिईने छैन।

१३. कर शुल्कको दर, स्थान र सो सम्बन्धमा आवश्यक बिस्तृत थप जानकारी बोलपत्र फारामसाथ उपलब्ध हुनेछ।

१४. रकम असुलीको लागि कार्यालयले तोकिदिएको भन्दा फरक हुने गरी कर, शुल्क लिएको पाइएमा वा ठहरेमा बढी उठाएको रकम फिर्ता गर्न लगाई जरिवाना गरी कार्यालयले ठेक्का समेत बदर गर्न सक्नेछ। यसलाई लिएर कुनै दाबी बिरोध गर्न पाईनेछैन।

१५. ठेक्का अवधिभर ठेक्का संचालन गर्दा यस उपमहानगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सोको हर्जना समेत ठेकेदारबाट असुल गरिनेछ।



खगेन्द्रप्रसाद खतिवडा
वरिष्ठ राजस्व तथा सूचना अधिकृत

बिदुरप्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका

DHARAN SUB-METROPOLITAN CITY

# नगर कार्यपालिकाको कार्यालय

(राजश्व नीति तथा प्रशासन शाखा)

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

प.सं. :

च.नं. :

फोन : ०२५- ५२०४०७, ५२०६३६

एक्स्टेन्सन : २२३

१६. बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ औं दिनभित्र तोकिएको अंक बराबरको रकम सहित कबुलियत गर्न वा पट्टा पुर्जी लिन नआएमा बोलपत्र पेश गर्दा राखेको धरौटी जफत गरी अन्य व्यवस्था गरिनेछ।

१७. ठेकिएको रकम असुल गर्दा लाग्ने जनशक्ति लगायतको सम्पूर्ण कुराको व्यवस्था ठेकेदार आफूले नै गर्नु पर्नेछ। रसिदको नमूना कार्यालयले तोके बमोजिमको ढाँचामा ठेकेदारको तर्फबाट छपाउनु पर्नेछ। रसिद कार्यालयमा अभिलेख राखी, छाप लगाएर प्रमाणित गरी प्रयोग गर्नु पर्नेछ।

१८. ठेकेदार फर्म, व्यक्ति वा संघसंस्थाले कार्यालयलाई कुनै ठेक्का चुक्ता गर्न वा बुझाउन बाँकी भई बक्यौता देखिएमा त्यस्तो ठेकेदार, व्यक्ति वा संस्थालाई ठेक्का दिइने छैन।

१९. नेपाल सरकार, अदालत र कार्यालयले दिएको आदेश निर्देशनको ठेकेदारले अक्षरशः पालना गर्नु पर्नेछ। उल्लिखित शर्त बाहेक अन्य शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ।

२०. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा कार्यालयको निर्णय अन्तिम हुनेछ।

२१. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक मात्र गर्ने सर्वाधिकार कार्यालयलाई हुनेछ।

२२. थप जानकारीका लागि धरान उपमहानगरपालिका, राजश्व नीति तथा प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

## ठेक्का सम्बन्धी विवरण

## ठेक्का सम्बन्धी विवरण

| ठेक्का नं. | आय शीर्षक (नाम) | न्यूनतम् कबोल अङ्क रु. | ठेक्का अवधि | बोलपब फाराम खरिद गर्ने म्याद | बो. फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| NCB/Rev./०१/11४५२ | पूर्वाधार (सडक) उपयोग सेवा शुल्क | २२,७५,६५०/- बाइसलाख पचत्तहर हजार छ सय पचास मात्र। | १ आ.व. | ३० दिन | ३,०००/- |
| NCB/Rev./०२/11472 | विज्ञापन कर | २०,००,०००/- (वीस लाखमात्र ।) | ३ आ.व. | ३० दिन | ३,०००/- |
| NCB/Rev./०३/11632 | कवाडी कर | १०,००,०००/-(दश लाख मात्र।) | १ आ.व. | ३० दिन | ३,०००/- |

नोटः १ विज्ञापन कर ठेक्कामा वार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने छ ।

खगेन्द्रप्रसाद खतिवडा
वरिष्ठ राजस्व तथा सूचना अधिकृत

विदुरप्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत